# मंगलसेन नगरपालिका
## नगर सभाको १२औं अधिवेशन

२५ पौष २०८०

## नगरसभा संचालन अधिवेशनको संक्षिप्त व्यहोरा

सभा सञ्चालनः दिउसो १२:३० सभा समापनः दिउसो ०३:०६

मंगलसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश नेपाल

### छलफलका विषयहरु र क्रियाकलाप

१. सर्वप्रथम सुदूरपश्चिम प्रदेशको स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा २ बमोजिम मंगलसेन नगर सभाको बाह्रौँ अधिवेशन आजबाट प्रारम्भ भएको जानकारी गराउनुभयो।

२. तदोपरान्त लोकतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गराउनु भयो।

३. तदोपरान्त सभाध्यक्ष ज्यूले सुदूरपश्चिम प्रदेशको स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा २ बमोजिम मंगलसेन नगरपालिकाको बाह्रौँ अधिवेशन देहाय बमोजिमको मिति, समय र स्थानमा आरम्भ हुने गरी आव्हान गरेको व्यहोरा जानकारी गराउनु भयो।

४. तदोपरान्त सभाको बाह्रौँ अधिवेशनको सफलताको शुभकामना मन्तव्य राख्नको लागि सभामा प्रतिनिधित्व गर्नु हुने सबै राजनीतिक दलका प्रतिनिधिहरुलाई समय उपलव्ध गराउनु भयो।

५. तदोपरान्त सभाको सफलताको लागि नगरसभामा प्रतिनिधि गर्ने दल नेपाली कंग्रेसको तर्फबाट शुभकामना दिदै नगरसभाले नगरको भाग्य र भविष्यलाई व्यवस्थित रुपमा अघि बढाउने प्रेरणाका साथै नगरवासीका ईच्छा र चाहनालाई पुरा गर्न कसरी अघि बढ्न सकिन्छ भन्ने सन्दर्भमा नगरसभाले योगदान गरोस् भन्ने सुवेक्षाका साथ नेपाली काँग्रेसको तर्फबाट खगेन्द्र बहादुर रावले आफ्नो शुभकामना व्यक्त गर्नु भयो।

६. तदोपरान्त नेकपा एमालेको तर्फबाट बिर्ख बहादुर बोगटीले शुभकामना दिदै नगरसभामा विभिन्न विधेयकहरु पेश हुने र त्यसपछी नगरपालिकालाई अगाडि बढाउनका लागि थप टेवा पुग्ने बताउनुभयो। नगरसभा विगतका नगर सभा भन्दा फरक र व्यवस्थित ढंगबाट सुरु भएको भन्दै यसबाट विधि पद्दति र संसदिय मर्यादाबारे भावीपुस्तालाई सिकाई समेत हुने वताउनुभयो।

७. तदोपरान्त सभाध्यक्ष ज्यूले यस सभाको सचिवालमा बिधेयक पेश गर्न अनुमति माग गर्ने सम्बन्धमा कुनै बिरोधको सूचना नआएकाले यस सभाको सचिवालयमा दर्ता हुने आएका बिभिन्न बिधेयकहरु प्रस्तुतीका लागि क्रमशः समय प्रदान गर्नुभयो।

८. तदोपरान्त अध्यक्ष ज्यूको अनुमतिमा सभा सदस्य श्री खगेन्द्र बहादुर रावल ज्यूले सार्वजनिक प्रशासनलाई जनमुखी, दक्ष, प्रभावकारी जवाफदेही, पारदर्शी, समावेशी तथा जन सहभागिता मूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मासाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सृजना गर्न, शुसासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन, र प्रशासनलाई सेवा प्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी



२०८०।०९।२५

पदम बहादुर बोहरा
नगर प्रमुख

मंगलसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

नगरपालिकामा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था गर्न नेपालको संविधानको धारा २२६ बमोजिम तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम निर्माण गरिएको मंगलसेन नगरपालिकाको सुशासन (सञ्चालन तथा व्यवस्थापन) विधेयक २०८० लाई सुदूरपश्चिम प्रदेशको गाउँ सभा र नगर सभाको कानुन निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ को दफा १३ को उपदफा २ अनुसार सभामा पेश गर्नुभयो।

९. सभाध्यक्ष ज्यूले सो विधेयक उपर छलफलको लागि समय प्रदान गर्दा सभा सदस्य नैन बहादुर वि.क. ले विधेयक माथी आफ्नो जिज्ञाशा राख्नुभएको र सो विषयमा सभाका सचिव श्री खकेन्द्र बहादुर सोडारी ज्यूले जवाफ दिनुभए पश्चात छलफलमा थप जिज्ञासा नरहेको तथा कुनै विषय संशोधन प्रस्ताव नआएकोले सदस्य श्री खगेन्द्र बहादुर रावल ज्यूले मंगलसेन नगरपालिकाको सुशासन (सञ्चालन तथा व्यवस्थापन) विधेयक २०८० स्वीकृतिको लागि पेश गर्नु भयो।

१०. तदोपरान्त सभाध्यक्ष ज्यूले सो विधेयकलाई निर्णयार्थ पेश गर्नु भयो र विधेयको विपक्षमा कुनै पनि मत नरहेकोले मंगलसेन नगरपालिकाको सुशासन (सञ्चालन तथा व्यवस्थापन) विधेयक २०८० सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्नु भयो।

११. तदोपरान्त सभाध्यक्ष ज्यूले उपप्रमुख श्री संगीता रावल सोडारीलाई बिनियोजन ऐन २०८० संशोधन सम्बन्धी प्रस्ताव पेश गर्न अनुमति दिनु भयो।

१२. तदोपरान्त उपप्रमुख श्री संगीता रावल सोडारीले सुदूरपश्चिम प्रदेशको गाउँ सभा र नगर सभा संचालन सम्बन्धी ऐन २०७५ को दफा ६८ बमोजिम मंगलसेन नगरपालिकाको विनियोज ऐन, २०८० अनुसार स्थानीय सञ्चित कोषबाट खर्च गर्ने गरि विजियोजन भएका केही वार्षिक कार्यक्रमहरु संशोधन र अपुग स्रोत रहेको बजेट शीर्षकमा रकमान्तर गर्नु पर्ने भएको र सो अधिकार सम्मानित नगर सभालाई मात्र हुने व्यवस्था अनुसार नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम संशोधन र रमान्तरको लागि मंगलसेन नगरपालिकाको बिनियोजन ऐनलाई संशोधन गर्न विनियोजन ऐन २०८० संशोधन सम्बन्धी प्रस्ताव सभा समक्ष पेश गर्नुभयो।

१३. तदोपरान्त सभा सदस्य श्री दुर्गा प्रसाद भण्डारीले विनियोजन ऐन संशाधन प्रस्तावमाथी आफ्नो जिज्ञाशा राख्नुभयो र सो जिज्ञाशाको जवाफ सभाका सचिव खकेन्द्र बहादुर सोडारी ज्यूले दिनुभयो।

१४. तदोपरान्त सभाध्यक्ष ज्यूले सो प्रस्ताव निर्णयार्थ पेश गर्नु भयो र सो विधेयकको विपक्षमा आवाज नसुनिएकोले बिनियोजन ऐन २०८० संशोधन सम्बन्धी प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नु भयो।

१५. तदोपरान्त सभाअध्यक्ष ज्यूले नगरकार्यापलिकाले प्राथमिकरण गरेका तपशिलका योजनाहरु अनुमोदनको लागि सभा समक्ष पेश गर्नुभयो।

तपशिल

१. संघिय तर्फ :

समपुरक योजनाहरु

- नगरपालिका केन्द्र जोड्ने कालोपत्रे सडक पिच बहुबर्षिय

विशेष योजनाहरु

- कुन्ती स्वास्थ्य चौकि भवन
- शित गृह निर्माण
- बहु क्षेत्रिय पोषण सुधार कार्यक्रम

२. प्रदेश तर्फ :

समपुरक योजना

- मंगलसेन खेलमैदान पूर्वाधार निर्माण बहुबर्षिय
- बड्डिकुलो सि.कु. निर्माण वडा नं ३

विशेष योजनाहरु

- जाल्ला, धौपाटा, पाप्डा सिचाँइ कुलो वडा नं ९
- मालीकुलो सिचाईकुलो म.न.पा. १४
- रैथाने बाली संरक्षण तथा प्रवर्दन कार्यक्रम

पदम बहादुर बोहरा
नगर प्रमुख